# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## सुपरिवेक्षण तथा अनुसन्धान विभाग

प.सं. २०७६।७७

चलानी नम्बर: ३६८

मितिः २०७६।५।२६

सुपरिवेक्षण तथा अनुसन्धान विभाग
(धितोपत्र बजार, सिडिएस तथा
कोष सुपरीवेक्षण महाशाखा)

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाडौं ।

**विषयः विभिन्न निर्देशन कार्यान्वयन गर्ने सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्बन्धमा यस बोर्डले आर्थिक वर्ष २०७४।७५ मा दिएको निर्देशन तथा मुद्रा तथा पूँजी बजारमा देखिएका प्रबृत्तिहरुको समग्र मूल्यांकन गरी वित्तीय स्थायित्व एवं लगानीका लागि स्रोत व्यवस्थापन सम्बन्धी सुझाव समितिले कार्यान्वयन गर्ने सम्बन्धमा दिइएको सुझावका साथै कार्यान्वयन नभएका निर्देशनहरुमध्ये देहायको विषयमा भएको प्रगतिको पछिल्लो स्थितिको विवरण यो पत्र प्राप्त भएको मितिले ७ दिन भित्र बोर्डलाई उपलब्ध गराईदिन हुन निर्देशानुसार अनुरोध गर्दछु ।

१. शेयर बजारमा हुने कारोबारलाई थप प्रभावकारी बनाउन सेटलमेन्ट बैंक, CDSL, DMAT को सेवा दिने Merchant Banker हरुसँग NEPSE को NOTS लाई पूर्ण रुपमा आवश्यक गरी हाल रहेको T+3 राफसाफ चक्रलाई T+1 मा ल्याउने सम्बन्धमा ।
२. धितोपत्रको दोस्रो बजार कारोबारको भुक्तानी सुनिश्चितता लागि आवश्यक राफसाफ कोष (Settlement Guarantee Fund) लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा ।
३. System Audit मा समावेश गर्न उपयुक्त हुने मापदण्डहरु सम्बन्धमा ।
४. भारित औसत विधिबाट पूँजीगत लाभकर गणनाका लागि लगानीकर्ताहरु धितोपत्र दलाल व्यवसायीको कार्यालयमा नै गई धितोपत्रको खरिद मूल्य प्रमाणित गर्नुपर्ने व्यवस्था झन्झटिलो देखिएको भनी लगानीकर्ताबाट गुनासाहरु प्राप्त भएको सन्दर्भमा हालको उक्त व्यवस्थालाई थप सरल तथा सहज बनाउनका लागि तत्काल कार्यान्वयन गर्नुपर्ने गरी दिइएको उक्त निर्देशनको सम्बन्धमा ।
५. सुपरीवेक्षण म्यानुअल तयार गर्ने सम्बन्धमा ।

बोधार्थः
श्रीमान् अध्यक्षज्यूको कार्यालय
नेपाल धितोपत्र बोर्ड
श्री नियमन तथा व्यवस्थापन विभाग
नेपाल धितोपत्र बोर्ड

(अन्जु महतो)
निर्देशक